प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, धादिङ

बागमती प्रदेश

सूचना नं.९/०७७/७८

## सौर्य सिंचाईको प्रस्ताव माग पेश गर्ने सूचना

प्रथम पटक प्रकाशित मितिः २०७७/१०/१८

कृषि ज्ञान केन्द्र, धादिङको आ.व. ०७७/७८ को स्वीकृत कार्यक्रम अनुसार सौर्य सिंचाई कार्यक्रम साझेदारीमा संचालन गर्नुपर्ने भएको हुदाँ यस जिल्ला अन्तर्गतका कृषक/कृषक समूह/सहकारी/निजि फार्महरुले सौर्य सिंचाई कार्यक्रम संचालन कार्यविधि, २०७६ को अनुसूची-२ अनुसारको कागजात संलग्न राखि अनुसूची-३ अनुसारको आवेदन फाराम भरि सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र (२०७७/११/१७ गते कार्यालय समयभित्र) कृषि ज्ञान केन्द्रमा पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

आवेदनका साथ संलग्न गर्नुपर्ने कागजातहरुः-

क) व्यक्तिगत वा सामूहिक उपभोक्ताको लागिः

१. नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।
२. लालपूर्जाको प्रतिलिपी / करारनामाको प्रतिलिपी ।
३. आफुले भाडामा जग्गा लिई खेती गरिरहेको भएमा न्यूनतम १० वर्षको लागि भाडामा लिएको सम्झौता पत्रको प्रमाण ।
४. सामूहिक सिंचाई योजनाको लागि व्यक्तिगत उपभोक्ताहरु सबैको संयुक्त निवेदन ।
५. स्थानीय तहको कार्यक्रममा दोहोरोपन नभएको व्यहोरा सहितको सिफारिस पत्र ।
६. आफ्नो तर्फबाट लगानी सुनिश्चितको लागि Bank Balance वा Letter Of Bank intent

ख) संस्थागत/नीजि फर्मको लागिः-

१. संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपी ।
२. संस्थाको नविकरण गर्नुपर्ने अवस्थामा नविकरणको प्रमाणपत्रको प्रतिलिपी ।
३. संस्थाको स्थायी लेखा नम्बर ।
४. संस्थाको बैठकबाट योजना माग गर्न गरिएको निर्णय प्रतिलिपी ।
५. संस्थाको तर्फबाट निवेदन दिने पदाधिकारीलाई प्रदान गरिएको अख्तियारी पत्र ।
६. पदाधिकारीको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र पासपोर्ट साईजको फोटो १ प्रति ।
७. लालपूर्जाको प्रतिलिपी वा करारनामाको प्रतिलिपी ।
८. ऐलानी जग्गाको हकमा स्थानीय तहलाई शुल्क बुझाएको प्रमाणको प्रतिलिपी र स्थानीय तहको कार्यक्रममा दोहोरोपन नभएको व्यहोरा सहितको सिफारिस पत्र ।
९. आफ्नो तर्फबाट लगानी सुनिश्चितको लागि Bank Balance वा Letter Of Bank intent